दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

भ्रष्टाचार र अनियमितता विरुद्ध जुटौं
-घुस लिने र दिने दुवै अपराधी हुन् ।
-भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं ।
-सदाचारीलाई सम्मान र पुरस्कृत गरौं ।
-सदाचार र नैतिक संस्कृतिको प्रबर्द्धन गरौं ।
-सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाऔं ।
-भ्रष्टाचार र अनियमितता विरुद्ध आवाज उठाऔं ।
-भ्रष्टाचार र अनियमितता भएमा सम्बन्धित निकायमा उजुरी गरौं ।
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३६ | अंक ३२३ | बुटवल | २०८१ मंसिर १५, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Nov. 30, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# बुद्धको विचारबाटै शान्ति र समृद्धि : प्रधानमन्त्री

**मान्छेहरूले मात्रै होइन, चराचुरुङ्गी, किरा फट्याङ्गाले पनि लुम्बिनी सम्भिmउन् भन्ने ढंगले विकास गर्ने योजना बनाएको प्रधानमन्त्रीको दाबी छ।**

**लुम्बिनी संवाददाता**

*लुम्बिनी*

प्रधानमन्त्री केपी शर्मा ओलीले बुद्धको विचारबाटै विश्वमा शान्ति र समृद्धि हासिल हुन सक्ने बताएका छन् । शान्ति, करुणा र मित्रताबाट मानवजातीको कल्याण हुने बताउँदै उनले त्यसैबाट पनि समृद्धि हासिल हुने बताए ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको २०औं वार्षिकोत्सव तथा तेस्रो विशेष दीक्षान्त समारोहलाई शुक्रबार लुम्बिनीमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले मानव जातिको कल्याण विश्वशान्तिबाट मात्रै हुने बताए । यसैका आधारमा आफूहरुले समृद्ध नेपाल सुखी नेपालीको नारा तय गरेको समेत ओलीको भनाइ छ ।

प्रधानमन्त्री ओलीले विश्वभरका बौद्ध धर्मावलम्बी र शान्तिप्रेमीहरुको आस्थाको केन्द्रको रुपमा रुपमा लुम्बिनीलाई विकास गरिने बताए । लुम्बिनीमा मानव जाति मात्रै नभई सबै प्राणीहरु समेत रमाउन सक्ने सुन्दर बगैंचा बनाउनुपर्नेमा उनले जोड दिए । उनले आफू प्रधानमन्त्री भएको बेला बुद्धजयन्तीको बेला हिलोमा टेकेर कार्यक्रम गर्नुपरेको स्मरण गर्दै त्यहि बेला अन्तर्राष्ट्रिय बुद्धिष्ट ध्यान तथा सम्मेलन केन्द्रको निर्माण गरिएको बताए । '५ हजार मानिसहरु एकैचोटी बस्न मिल्ने गरी सभाहल बनाइएको छ,' उनले भने -'लुम्बिनीलाई मान्छेहरुको मात्रै होइन, चराचुरुङ्गी किरा फट्याङ्गाले पनि सम्भिmउन भन्ने ढंगले विकास गर्ने योजना बनाएका छौं ।'- उनले भने ।

प्रधानमन्त्री ओलीले लुम्बिनी विश्वविद्यालयले बौद्ध दर्शन, शान्ति र विश्व बजारसँग प्रतिस्पर्धा गर्ने खालको शिक्षाका लागि काम गर्ने समेत बताए । कार्यक्रममा विश्वविद्यालयका सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले बौद्ध विश्वविद्यालयले बौद्ध दर्शनसँगै विश्व बजारमा प्रतिस्पर्धा गर्नसक्ने जनशक्ति उत्पादनमा गर्नुपर्नेमा जोड दिइन । उनले विश्वविद्यालयले सक्षमतामा आधारित पाठ्यक्रम लागू गर्न, गुम्बा शिक्षा, बज्रयान, महायान तथा पाली भाषाको समेत अध्ययन अध्यापनमा काम गर्नुपर्ने बताइन । उनले दीक्षित विद्यार्थीहरूलाई राष्ट्र हितमा प्रयोग गर्न अनुरोध गरिन् ।

विशेष दीक्षान्त समारोहमा विद्यावारिधि, स्नातकोत्तर र स्नातक गरेका २८९ जना विद्यार्थीहरुलाई दीक्षित गरिएको थियो । विश्वविद्यालयले बौद्ध शिक्षा, धर्म, दर्शनको विकास तथा प्रवर्द्धनमा अतुलनीय योगदान पुऱ्याएकी भिक्षुणी धम्मावती (गणेश कुमारी शाक्य ) लाई मानार्थ विद्यावारिधि उपाधि प्रदान गरेको छ । उपाधि प्राप्त गरेकी भिक्षुणी धम्मावतीले आफू १२ वर्षदेखि बुद्ध दर्शनमा लागेको बताउँदै मानार्थ विद्यावारिधिको उपाधि दिएकोमा खुशी व्यक्त गरिन ।



विश्वविद्यालयका उपकुलपती सुवर्णलाल बज्रचार्यले २०औं वर्षमा प्रवेश गरेको अवसरमा गरिएको दीक्षन्त समारोहलाई विशेष बनाउन सहभागी सबैप्रति आभार प्रकट गरे ।

दीक्षान्तमा प्रत्येक संकायबाट स्नातक तह र स्नातकोत्तर तहमा सर्वोत्कृष्ट १५ जना विद्यार्थीहरुलाई विश्वविद्यालय स्वर्णपदकबाट सम्मान गरिएको थियो । दीक्षान्त समारोहमा विशेष अतिथिका रुपमा म्यानमारका भिक्षु सितगो सायडो, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायाण आचार्य, प्रतिनिधिसभा सदस्य बासुदेव घिमिरे, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा (खेन्पो छिमे), प्रदेशका मन्त्री, सांसदसहित स्वदेशी तथा विदेशी कुटनीतिक नियोगका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

२०औं वार्षिकोत्सव तथा तेस्रो विशेष दीक्षान्त समारोह अघि १७औं सिनेट सभाको बैठक समेत सम्पन्न गरिएको रजिष्ट्रार तिलक आचार्यले बताए । प्रधानमन्त्री एवं कुलपति ओलीको अध्यक्षतामा सिनेट बैठक सम्पन्न भएको हो । विश्वविद्यालयमा बौद्ध अध्ययन संकाय, मानविकी तथा सामाजिक शास्त्र र विकास अध्ययन तथा प्रायोगिक विज्ञान संकाय गरी तीन संकायबाट स्नातक, स्नातकोत्तर तथा विद्यावारिधिसहित ३० वटा शैक्षिक कार्यक्रम सञ्चालनमा रहेका छन् । ती शैक्षिक कार्यक्रमहरुमा २३०८ विद्यार्थी अध्ययनरत छन्। तीमध्ये ६८ जना विदेशी विद्यार्थीहरु विश्वविद्यालय अध्ययन गर्दैछन् ।

लुम्बिनी, बुटवल, देवदहमा विश्वविद्यालयका आंगिक क्याम्पसहरु सञ्चालनमा रहेका छन् । दाङ, काठमाडौं उपत्यका, दोलखामा सहकार्य तथा सम्बन्धन प्राप्त १३ वटा क्याम्पसहरुमा विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरु सञ्चालनमा छन् ।

## आजदेखि एनपीएल, आठ वटा टोली सहभागी



बुटवल । नेपाल क्रिकेट संघ (क्यान) ले आज शनिबारबाट नेपाल प्रिमियर लिग (एनपिएल) आयोजना गर्दै छ । आठ टोली सहभागी रहने प्रतियोगितामा सबै टिमले जित्ने दाबी गरिरहेका छन् ।

प्रतियोगिता पहिलो पटक क्यानले आयोजना गर्न लागेकाले धेरैले यो प्रतियोगितालाई नजिकबाट हेरिरहेका छन् । प्रतियोगिताअघि नै एनपीएलको चर्चा उत्कर्षमा छ । उद्घाटन खेलको टिकट तीन दिनअघि नै 'सोल्ड आउट' भइसकेको छ ।

एनपिएल नेपाल क्रिकेट संघ क्यानको पहिलो बहुप्रतिक्षित प्रतियोगिता हो । यसअघि क्यानको अघिल्लो कार्यसमितिले नेपाल टी-२० लिगका नाममा प्रतियोगिता आयोजना गरे पनि एक भारतीय कम्पनीलाई त्यसको जिम्मेवारी दिँदा 'स्पट फिक्सिङ' का घटनाहरु सार्वजानिक भएका थिए भने क्यान आलोचित बनेको थियो ।

तर, यो पटकको नेपाल प्रिमियर लिग क्यान आफैंले आयोजना गरेको पहिलो र ठूलो फ्रेन्चाइज टी-२० प्रतियोगिता हो । यो प्रतियोगिताका लागि क्यानले निजी क्षेत्रका व्यवसायीहरुका साथै सरकारको पनि गतिलो साथ पाएको छ । आयोजनाअघि निर्विवाद रुपमा ठूलो जिम्मेवारी निर्वाह गर्दै प्रतियोगिता उद्घाटन समारोहसम्म आइपुग्दा क्यानले प्रतियोगिताअघि नै उल्लेख्य रुपमा आर्थिक लाभ प्राप्त गरिसकेको छ ।

» बाँकी ३ पेजामा

## पूर्वमन्त्री अधिकारीलाई मुद्दा नचलाउने निर्णय बदर गर्न रिट

बुटवल । कोशी प्रदेशका पूर्वमन्त्री लिलाबल्लभ अधिकारीलाई मुद्दा नचलाउने निर्णय बदर हुनुपर्ने माग राखी सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ । वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले मुद्दा नचल्ने निर्णय बदर हुनुपर्ने र उनीमाथि फेरि अनुसन्धान गरी मुद्दा दायर गर्न निर्देशन दिनुपर्ने माग राखी सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका हुन् । उनलाई मुद्दा नचल्ने भनी गरेको निर्णय बदनियतपूर्ण भएकाले तत्काल बदर हुनुपर्ने उनको माग छ ।

पूर्वमन्त्री अधिकारी टोकियो महानगर र आर्ट काउन्सिल टोकियोले आयोजना गरेको एक कार्यक्रममा सहभागी हुन भन्दै ११ कात्तिकमा जापान उडेका थिए । जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंले अधिकारीविरुद्ध मुद्दा नचल्ने निर्णय गरेपछि १० मंसिरमा हिरासतमुक्त गरिएको थियो ।

उनीसँगै जापान गएका खोटाङको केपिलासलगढी गाउँपालिका-४ का ४१ वर्षीय जनक राई, खोटाङको ऐसेलुखर्क गाउँपालिका-२ का ३७ वर्षीय दावा शेर्पा र रसुवाको कालिका गाउँपालिका-५ का २१ वर्षीय कञ्चन देवकोटा नारिता विमानस्थलको अध्यागमनमा केरकारमा परेका थिए । पछि मन्त्री अधिकारीसहित चारै जनालाई होल्डमा राखेर जापानको अध्यागमनले डिपोर्ट गरिदिएको थियो । डिपोर्ट भएपछि अध्यागमन विभागले थप अनुसन्धानका लागि तीन जनालाई उपत्यका अपराध अनुसन्धान कार्यालयको जिम्मा लगाएको थियो ।

अधिकारी नेकपा एमालेबाट मन्त्री बनेका थिए ।

# रण अम्बिका शाह आँखा अस्पतालको शल्यक्रिया भवन शिलान्यास



**लुम्बिनी संवाददाता**

*भैरहवा*

लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर श्री रण अम्बिका शाह आँखा अस्पतालको स्थापना दिवसमा आधुनिक शल्यक्रिया भवनको शिलान्यास गरिएको छ । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले भवनको शिलान्यास गरे । सो अवसरमा बोल्दै उनले उपचारको साथै नेत्रविज्ञानसँग जोडेर विभिन्न विद्या र तहमा अध्ययन अध्यापनबाट गर्दै आएको अस्पतालले देशमै विशिष्ट पहिचान बनाएको बताए ।

उनले भवन निर्माणलाई गुणस्तरीय र समयमा निमार्णसम्पन्न गर्नका लागि शुभकामना दिँदै गर्न सक्ने काम गर्न र गर्न नसक्ने कामको प्रयास गर्ने प्रतिबद्धता जनाए । ५६ करोडको लागत अनुमानमा बन्न लागेको अस्पताल आँखाको विधामा अध्यापन हुने उत्कृष्ट देशकै सबैभन्दा महत्वपूर्ण केन्द्रको रुपमा यसको विकसित गर्नका लागि सधैव साथमा रहने उनले बताए ।

अर्थमन्त्री विष्णु पौडेलले रुपन्देही सम्भावनै सम्भावना भएको जिल्ला भएकोले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल चल्छ र चलाएर देखाउने बताए । उनले भने-'रुपन्देही देशको मध्य भागमा छ, विकासका असीमित सम्भावना यसले बोकेको छ । मानवीय र भौतिक विकासको दृष्टिकोणले देशको उत्कृष्ट र नमुना जिल्ला हुनुपर्छ ।'

उनले भैरहवा विमानस्थल धेरै राम्रोसँग चल्ने बताए । विमानस्थलको भविष्य धेरै उज्यालो छ भन्दै उनले यसलाई रुपन्देहीको चौघेराभित्र राखेर नसोंच्न आग्रह गरे । लुम्बिनी संसारका विभिन्न भागबाट आउन चाहनेका लागि महत्वपूर्ण पुरातात्विक तथा तिर्थस्थल र सांस्कृतिक सम्पदा भएकाले विमानस्थलको भविष्य राम्रो रहेको उनले बताए ।

नेपाल नेत्रज्योति संघद्वारा बि.स. २०४० मंसिर १३ गते स्थापना भएको लुम्बिनी नेत्रविज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर / श्री रण अम्बिका शाह आँखा अस्पतालले दैनिक औसतमा १२०० बहिरङ्ग सेवा तथा १५० आँखा रोगसँग सम्बन्धित विभिन्न शल्यकृया गर्दै आँखा रोगका बिरामीहरुलाई गुणस्तरीय सेवा प्रदान गर्दै आएको अस्पतालले जानकारी दिएको छ ।

२१ जना नेत्र विशेषज्ञसहित १८० जनाले सुलभ तथा गुणस्तरीय सेवा पुऱ्याउँदै आएका छन् । तौलिहवा, पाल्पा, बुटवल, कृष्णनगर, गुल्मी अर्घाखाँची, प्यूठानलगायतका स्थानहरुमा १६ वटा आँखा उपचार केन्द्र स्थापना गरी आँखा उपचार सेवा उपलब्ध गराउँदै आएको छ ।

मोडुलर शल्यक्रिया कक्षसहित डिलक्स केविन, जनरल वार्ड, परीक्षण कक्ष, मेडिकल स्टोर, नर्सिङ स्टेशनसहितको ६ हजार ५ सय वर्ग मिटर क्षेत्रफल रहेको १ तला अन्डरग्राउन्डसहित ४ तलाको अत्याधुनिक शल्यक्रिया भवन निर्माण गर्नका लागि सन् २०२० मा नै करिव रु.५६ करोड ९२ लाख २५ हजार ४०५ रुपैयाँ लागत अनुमान रहेको डीपीआर तयार गरिएको थियो ।

» बाँकी ३ पेजामा



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८१ मंसिर १५, गते शनिबार

तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

मानिसका लागि
मानिसभन्दा ठूलो अरु क्यै हुन्न–
मानिसभन्दा ठूलो कुरो
तिमीले नखोजे पनि हुन्थ्यो,
मानिस मूल्य तिरेर तिमीले
तिमीले के पायौ कुन्नी–
तर मानिसलाई नबेचे पनि हुन्थ्यो।

– वासु शशी

# पं. माधवप्रसाद देवकोटा र उनको आदर्श

**विष्णु प्रभात**

सामन्ती पृथकतावादलाई एकीकृत रूपले सामन्ती राज्य व्यवस्थाको उदय भयो। पूँजीवादी उत्पादन सम्बन्धको प्रत्यक्ष वा परोक्ष प्रभावभित्र नपरुञ्जेल सामन्ती एकतन्त्रवादको स्वरूप राजतन्त्रतात्मक रह्यो र त्यसअन्तरगतका कला साहित्यले रञ्जनात्मक स्तुतिपरकतालाई अँगाल्दै अन्ध राष्ट्रवादको सामन्ती प्रथागत रीतिलाई लोक व्यवस्थामा थोपर्दै पूर्व जन्म, पुनर्जन्म, भाग्य र ब्रह्मको लोक व्यवस्थामा थापर्दै पूर्व जन्म, पुनर्जन्म, भाग्य र ब्रह्मको व्याख्या थाल्यो। आफ्नो राजनैतिक छट्टु प्रवृत्तिलाई ढाक्न दर्शनको प्रश्नलाई लोक जीवनसँग अलग्याई अवचेतन मस्तिष्कमा विकृतिपूर्ण सामन्ती संस्कार थोपरिदियो।यही भावधारामा पूर्वीय मान्यताको आध्यात्मिक दृष्टिकोण हर्कियो– जसले वस्तुलाई झुटो र कल्पनालाई साँचो देख्दछ।

पण्डित माधवप्रसाद पनि यहीं भावधारामा हुर्किए, जातीय कट्टरतामा फुर्किएर र आफ्नो चिन्तनलाई युग सापेक्षित पार्न सकेनन्। उनको कवित्वलाई हेर्दा विविध रचनाको सन्दर्भलाई मात्र हेरेर पुग्दैन। कवित्वको मूल्याङ्कन कविको सामाजिक सम्बन्ध तथा उत्पादन शक्ति र साधनको मुक्ति र विकास प्रतिको दृष्टिकोण र युगबोधलार्य केलाएर मात्र गर्न सकिन्छ। त्यसैले पं. माधवप्रसादका बारेमा पनि यहीं कुरा लागू हुन्छ। उनको सामाजिक सम्बन्ध बुर्जुवा जनवादी प्रवृत्तिको सम्म नभएर सामन्ती निरङ्कुशताकै प्रवृत्ति अनुकूल छ। उत्पादन साधन र शक्तिको विकास र मुक्तिप्रति उनी सचेत नभएको मात्र होइन कि यदाकदा विज्ञान विरोधीसमेत बन्न पुगेका छन्। सामाजिक दायित्व र युगबोधका सन्दर्भमा वर्तमानको उपेक्षा र भविष्य प्रति निराशा लिँदै अतीतको प्रशंसामा चुर्लुम्म हुन्छन्। बुर्जुवा विशेषताका रूपमा देखा पर्ने यो प्रवृत्तिले अतीतकै सकारात्मक पक्ष पनि खोतल्न सक्दैन। त्यसैले उनी एकाङ्की दृष्टिकोण स्वीकार्छन्। जब कवि समाजको सदस्यका रूपमा उभिउन्, तब ऊ सामाजिक दायित्वप्रति पनि सजग हुनै पर्दछ। यहीं नेर पण्डितजीले दायित्वको




वर्गीयतामा आफूलाई आफ्नै वर्ग सापेक्ष पार्दछन्। यहीं वर्गपरकता उनको विशेषता हो, जसले शोक वर्गको प्रतिनिधित्व गर्दछ। त्यसैले उनी प्रत्येक मानिसलाई निर्देशन दिन्छन्–

मायाको राज्य यो सारा हाम्रा निम्ति विदेश हो
ब्रह्म साम्राज्य नै खास घर हो र स्वदेश हो।

– हुस्सु पथिक (काव्य)

यहीं आध्यात्मिक आदर्शले उनी आजका नयाँ प्रतिभालाई उपेक्षा गर्दछन्। कविहरू चिन्तनशील, सहृदयी र मिलनसार हुन्छन्। जनता प्रति आदर गर्ने हुन्छन् र सिकारु लेखकप्रति भावृत्वपूर्ण समव्यवहार गर्दछन्। यो भनाई पण्डितजीमा लागू हुँदैन किनकि पूर्वीय साहित्यले कला र साहित्यको स्वरूपलाई जनबोलीभन्दा उच्च सुसंस्कृत विद्वानहरूको लहडका रूपमा स्वीकार्छ। त्यसैले सामाजिक यथार्थवादी धाराका नयाँ प्रतिभालाई उनी 'प्रश्रितको बाटो' निरस्कार गर्छन् र हुस्सु पथिक बनेर लम्कन्छन्। 'हुस्सु पथिक' काव्यमा उनी नेपाली समाजमा रहेको आर्थिक विषमता, शोषण र जालझेलबाट प्रवासिन बाध्य भएका नेपाली लाहुरेलाई घरको सुखभोगबाट वैराग्य लिई उठेर हिंडेको देख्दछन्।

ती मच्च्याहटमा लागी घर छोडी उठिकन
विदेसिएथे कहिलेदेखि चित्त उडिकन।
भौतारिई पुगी देश भर्ती मैकन फौजमा
तालिम पूरा पाएर योग्य भै जङ्ग काजमा।

– हुस्सु पथिक

प्रवासमा नेपाली जनजीवनले भोगेका विपद् र बर्माका जङ्गल झाडीहरूमाझ भोक भोकै लड्दै मर्दै बाँचेर फर्केका बहादुरहरूप्रति उनको दृष्टिकोण कपाले कल्पित र आदर्शवादी रहेको छ। दुनियाँमा हुकुम चलाउन पुगेपछि घर फर्केको देख्नेले वस्तुगत यथार्थको ठीक उल्टो व्याख्या गरेका छन्।

रवाफ फुर्तिका साथ चलाइकन हैकम
गर्न सम्म गरी मोज ऐश आराम उत्तम। (ऐ)

यसरी कवि बुर्जुवा लहडीका रूपमा उभिंदै लाहुरेलाई आध्यात्मिक चिन्तनबाट चिप्लिएको मानव जीवनसँग गाँसेर हुस्सुका रूपमा चित्रित गर्दछन्। नास्किताको अन्धयुगमा मानव आत्मा जिल्ला र अलमल्ल भएको बेला आस्तिकताको दिव्य उपदेश छर्दै सचेत बनाउन चाहने पण्डितजीले 'हुस्सु पथिक'मै आफ्ना चौतर्फी कला प्रदर्शन गर्न खोजेका छन्। हिन्दी अङ्ग्रेजी शब्दसँगै शास्त्रीय मर्यादाको रीति, अलङ्कार र संस्कृत शब्दावलीको भरपूर प्रयोग गर्दछन्।

तथ्यमा भिडेको भावनाले खण्डकाव्य जन्माएको कुरा गर्ने कविले जीव र जगतलाई चेतावनी दिँदै मानव शक्ति र चिन्तनलाई कोरा कल्पना र यान्त्रिक आदर्शको आध्यात्मिक कक्षतिर धकेल्छन्। पात्र-पात्राको चरित्र निर्माणमा मानवीय जीवनको अपेक्षा गर्दछन्। सामन्ती भूमिप्रथा, बिर्ता रैकर र किपट प्रथा तथा हल पाटे कोदाले प्रणाली जसलाई सामान्य नागरिक चेतना भएका नेपाली जनता तथा बुर्जुवा जनवादीहरूले पनि पछौटे अवैज्ञानिक अन्यायी नर्क व्यवस्थाको रूपमा चित्रित गरेका छन्, लाई स्वर्गीय आनन्द प्रदान गर्ने राज्य व्यवस्थाद्वारा प्रदत्त सुखभोग ठान्दछन्। त्यसैले नै विवश जिन्दगीका व्यथा भोगेका मान्छे उनका लागि जनावर हुन्छन्। सामन्ती शोषण, जालझेल र सर्वस्व हरण गरी जेल दिने प्रकृयाहरू उनका लागि नर्कको त्रास देखाई मानवीय चेतनालाई वस्तुगत जगतबाट अलग पार्न पूर्व-पुनर्जन्मको पर्दा लगाएर जीवनदेखि पलायन बन्ने हुस्सु विचार नै पण्डितजीको मूलभूत आदर्श भएको छ। यही आदर्शलाई अरुमा थापर्ने प्रयत्न संसारको गतिशीलतालाई भुली स्वयं नै हुस्सुपथिक बन्न पुगेका छन्। वर्तमान उनका लागि अभिशापपूर्ण र भविष्य अन्धकार भएकोले अतीत कल्पेर नै कवि पण्डित बाँचिरहेका छन्।

(कवि माधवप्रसाद देवकोटा स्मृतिग्रन्थबाट साभार)

**अन्तर्वार्ता**

# देवदम साहित्यको उर्वर भूमि हो – सुशील सापकोटा

*(युगीन साहित्य समाज २०६७ सालमा स्थापित देवदह, रूपन्देहीमा अवस्थित संस्था हो। स्थापना कालदेखि नै युगीनले नयाँ पुस्तालाई साहित्यिक मञ्च उपलब्ध गराउने, राष्ट्रिय मुक्तक गोष्ठी आयोजना गर्नेलगायतका गतिविधिहरू गर्दै आएको छ। समाजको आठौं साधारण सभा र तेस्रो अधिवेशन यहीं मंसिर १५ गते सम्पन्न हुँदैछ। अधिवेशनबारे पाहुरले समाजका वर्तमान अध्यक्ष सुशील सापकोटालाई ५ वटा प्रश्न सोधेको थियो।)*



**» १) युगीनको साहित्य समाजको आठौं साधारण सभा र तेस्रो अधिवेशनमा के–के हुँदैछ ?**

*सापकोटाः* युगीनको आठौं साधारणसभा र तेस्रो अधिवेशन विशेष हुँदैछ। मंसिर १५ गते देवदह आदर्शबहुमुखी क्याम्पसमा अधिवेशन हुँदैछ। यो अधिवेशनमा हामीले विशेष रचना वाचन आयोजना गरेका छौं। यस अधिवेशनमा चर्चित गजलकार प्रदीप रोदनको गजल वाचन हुँदैछ। उहाँ गोरखाबाट आइसक्नुभएको छ। त्यस्तै रूपन्देहीका कविहरू नारायण प्रसाद भण्डारी, छवि ज्ञवाली, सन्ध्या भण्डारीले कविता तथा रूपन्देहीकै मुक्तककार डीआर न्यौपाने 'सूर्य'ले मुक्तक वाचन गर्दै हुनुहुन्छ। ३ जना कविका कुल १२ कविता, १ गजलकारका कुल ६ गजल र १ मुक्तककारका कुल १० वटा गरी जम्मा २८ वटा रचना विशेष वाचकहरूले वाचन हुनेछ।

**» २) अक्षयकोष र पुरस्कारको पनि घोषणा गर्दै हुनुहुन्छ नि ?**

*सापकोटाः* आजीवन सदस्यताबाट उठेको रकमबाट करिब १ लाख ५० हजार बराबरको अक्षयकोषको घोषणा गर्दैछौं। उक्त कोषबाट आगामी वर्षदेखि युगीन साहित्य साधना पुरस्कार प्रदान गरिने छ। यो वर्ष बुटवलका अग्रज लेखक तुल्सी घिमिरे तुल्सी घिमिरे 'पुष्प' लाई युगीन साहित्य साधना सम्मान-२०८० प्रदान गर्दैछौं। यो सम्मान विशेष अवस्थामा मात्र प्रदान गर्दै आइएको थियो। हालसम्म स्व. गायक महेश पाल्पाली, अग्रज साहित्यकार दीपक सोती, र गायक तथा संगीतकार सुशील कुमार श्रेष्ठलाई यो सम्मान प्रदान गरिएको छ। त्यस्तै संस्था सम्मानअन्तर्गत युगीन साहित्य समाज नेपालको स्थापनाकालदेखि नै हरेक कार्यक्रम तथा अभियानमा साथ, सहयोग र सहभागिता जनाएको सिर्जनशील साहित्यिक समाज (सिसास) भैरहवा, रूपन्देहीलाई सम्मान-पत्रले सम्मानित गर्दैछौं।

**» ३) अधिवेशनले नयाँ नेतृत्व पनि चयन गर्दैछ कि ?**

*सापकोटाः* अधिवेशनमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको प्रतिवेदन प्रस्तुत हुनेछ। अधिवेशनले नयाँ कार्यसमिति चयन गर्नेछ।

**» ४) अधिवेशनसँगै नेतृत्व नयाँ कार्यसमितिलाई हस्तान्तरण गर्दै हुनुहुन्छ। आफ्नो कार्यकाल कसरी मूल्यांकन गर्नुहुन्छ ?**

*सापकोटाः* मेरो कार्यकाललाई मध्यम भन्छु। मेरो कार्यकालको शुरुवात मै कोभिड महामारी व्यहोर्नुपर्‍यो। त्यसले सिंगो कार्यकाललाई एक वर्ष लम्यायो पनि। मेरो कार्यकालमा 'युगीन संयुक्त साहित्यिक कृति'को दोस्रो अंक प्रकाशित गर्न सफल भयौं। विशेष वाचन शृंखलाहरू र स्कुल-क्याम्पसमा युगीन अभियान पनि सञ्चालन गर्न सफल भयौं। मेरो कार्यकालको शुरुवातमा ४ जना मात्र आजीवन सदस्य थियौं अहिले ३५ पुगेका छौं। आजीवन सदस्यताको शुल्कले यो वर्ष अक्षयकोष र पुरस्कार घोषणा गर्दैछौं। यति हुँदहुँदै पनि राष्ट्रिय साहित्यि सम्मेलन आयोजना गर्ने उद्देश्य पुरा हुन सकेन जबकि युगीनले २०६७ सालदेखि अहिलेसम्म चारवटा राष्ट्रिय मुक्तक गोष्ठी आयोजना गरिसकेको छ।

**» ५) देवदहमा रहेर साहित्यिक संस्था हाक्नु कत्तिको जटिल र चुनौतीपूर्ण रहेछ ? केही सम्भावना देख्नुहुन्छ ?**

*सापकोटाः* देवदहमा मात्रै होइन साहित्यिक संस्था सञ्चालन गर्न देशभरि नै जटिल छ। खासगरी भौतिक विकासलाई मात्र विकास ठान्ने कारणले साहित्यिक संस्थाहरूलाई सहयोग जुटाउन महाभारत हुन्छ। स्थानिय सरकारहरूले साहित्यलाई आफ्नो प्राथमिकतामा राखेका छैनन्। देवदह नगरपालिकाको १ अरब २५ करोडको बजेटमा एक रुपैयाँ पनि साहित्यलाई छुट्टाइएको छैन। यो अधिवेशनको लागि पनि हामीले निकै पटक पहल गरेर केही नगरपालिकाबाट केही आर्थिक सहयोग पाउन सफल भएका छौं।

यति हुँदाहुँदै पनि देवदह साहित्यको उर्वर भूमि हो। यहाँका विद्यालय, क्याम्पसहरूमा साहित्य लेखन छ। प्रतिभाहरू छन्। यहीं बसेर लेखेका अग्रजहरू पनि हुनुहुन्छ। यहाँका साहित्यकारहरू देशमै पनि स्थापित हुनुहुन्छ।

**पुस्तक चर्चा**

# गुरचरण दासको 'कामः दि रिडल अफ डीजाएर'

**माधवकुमार पौडेल**

काम मानवीय इच्छा र आकांक्षा र चाहना– मान्छेको आधार तहमा रहेको हुन्छ भनि खोजतलास गरेका छन् दासले। धार्मिक ग्रन्थहरूमा उल्लेख भएका, काम, धर्म, अर्थ र मोक्ष मध्ये काम वा वासनाको चाहनाले मानिसलाई कमजोर बनाउने कुरा उल्लेख गरेका छन्। यद्यपि धर्म,अर्थर मोक्ष प्रतिको महत्व र अर्थ खोज्दा काम अवमुल्यन हुन्छ जुन सिर्जना शक्तिको मूल स्रोत हो।

यथार्थमा, मध्यम वर्गको नैतिकताको मानकको रूपमा काम (वासना)लाई लिइन्छ। यसलाई शारीरिक सुख वा यौन सुख र आनन्दको रूपमा मात्र बुझिँदै आएको छ।खास गरेर भारतीय र नेपाली समाजमा। यदि यो निन्दनीय, बहसरचर्चा अयोग्य रमहत्व दिनुनपर्ने विषय हो भने हाम्रा प्राचिन ग्रन्थहरूमा किन कामलाई जीवनका प्रमुख चार लक्ष्यहरूमध्येको एक भनेर मानिन्छ त ?

काम प्रतिको अलमले बुझाइलाई बडो चातुर्य र स्पष्ट दृष्टिकोणका साथ निफनेका छन्, केलाएका छन्, गुराचारंदासले यस पुस्तकमा। काम प्रतिको अलमल बुझाइलाई रोमान्टिक पाराले प्रस्तुत गर्दै काम दुई प्रकृतिको हुन्छ भनेका छन्। एकः सकारात्मक आशावादी धार र अर्को नकारात्मक निराशाबादी धार। आशावादी धारले कामबाट जीवनको अर्थपूर्ण कार्य खोज्दछ भने निराशाबादी धारले मानव विकासलाई सीमित गर्दछ। सामान्य अर्थभन्दा कामको सृजनात्मक र बिध्वंसात्मक शक्ति मानिसको आनन्द खोज्ने सीमा भित्र कैद हुन्छ। काम प्राकृतिक शक्ति मात्र नभएर यो संस्कृति र इतिहासको सह-उत्पादन हो जो अनगिन्ति मानवीय संवेदनाहरू माया, प्रेम करुणा, हाडनातासँगको आनन्दरमस्ती, धोखाधडी, इर्ष्या र हिंसाको रूपमा प्रतिबिम्बित भैरहेको छ। चुनौती यी दुई अतिबाद बीचको उचित सन्तुलन कायम गर्नु हो। उपन्यासमा कवि र दार्शनिकहरू जस्तै मुलपात्र वा नायक अमर पनि कामको बारेमा निराशाबादी देखिन्छ। निश्चित लक्ष्य र दिशाविहीन यात्री जस्तो देखिन्छ जो समाजवादी समय बाट उदारवादी समयमा सुस्तरी अगाडि बढ्दछ। उसले आफ्नो जीवनमा कामको महत्वलाई इन्कार गर्दछ।

अमरको आँखा विद्यालय पढ्ने बेलाको बाल्यकालमा उसकी सहपाठी इशामा पर्दछ। जसलाई आजभोलिको भाषामा क्रस भन्ने गरिन्छ। त्यो क्रसले उसको मन मस्तिस्कमा अमिट छाप पारिराखेको हुन्छ। उसको जीवनको मध्यकालसम्म जतिबेला उ दुई छोरीसहितको जीवनमा अभ्यस्त हुन्छ। उसलाई कामका काल्पनिक पाँचवटा तीरले जीवनका विभिन्न चरणमा हिर्काइरहनेछन्। उसले बुझ्छ कि प्रेम समयसँगै परिवर्तन हुने प्रक्रिया हो।

समाजले निर्धारण गरेका अवरोधहरूले नै मानिसले आधारभूत रूपमा एक्लै पारिराखेको हुन्छ। अमरको बुझाइमा समाजले स्वीकृति दिएका वा पचाउने सिमा भन्दा परका चाहना र सम्बन्धहरू मान्छेका स्वतन्त्रताका प्रमुख बाधक हुन्। के समाज र धर्मले निर्धारण गरेका मूल्य र मान्यताको बन्दि हुन् त मानवीय चाहना र आकांक्षाहरू प्रश्न गर्छन् दास।

काल्पनिक स्मृति (मेमोइर) को रूपमा भनिएको कथामा किताबले कामको शारीरिक अस्तित्व र यसको मानसिक प्रतिबिम्ब र यसको भूमिकालाई द्वन्द्वात्मक तरिकाले जीवनको वास्तविक अर्थ खोज्न सकिन्छ भन्ने निस्कर्ष निकाल्छन दास। पाठकले कथानकलाई बस्तुगत रूपमा जसरि बुझे पनि काम शारीरिक चाहना रवासनाको दिमागद्वारा देखिने कथा हो।

चाहनालाइ यहाँ ऋग्वेदमा उल्लेख भए जस्तो दिमागको प्रथम बिज मान्न सकिन्छ भन्ने दृष्टिकोण छ कथामा। यो एउटा पवित्रता र अपवित्रता बिचको विशेष रसायन हो। यसको यात्रा रोमान्टिक प्रेमबाट प्रकट हुन्छ र मौलिक रमहत्वपूर्ण शक्तिका रूपमा अवतरण हुन्छ।

गुरचरण दासले बुनेको चाहना माथिको यस कथाले पाठकलाई कामको समकालीन सार्थकता खोज्न सहयोग गर्दछ। सबैखाले पुरुषार्थका लागि र जीवनको लक्ष्यप्राप्तिको लागि कामको सृजनात्मक जीवन शक्तिको पुनस् स्वामित्व लिदै र ग्रहण गर्दै वर्तमान आधुनिक समयको गञ्जागोलमा तादात्म्यतालाई पुर्नस्थापना गर्न सकिन्छ। कामलाई यौन चाहनाको साँघुरो विषय भित्र मात्र सीमित गरिनुहुँदैन। विम्ब (मेटाफर) को रूपमा प्रस्तुत गरिएको कामसुत्रलाई पुनर्व्याख्या गरिनु पर्दछ। ता कि काम शक्तिलाई अपराध मानेर जीवन बोझिलो बनाउनु नपरोस्। दासको जिकिर छ– यदि कामसुत्रका सिद्धान्त रसुत्रहरू समकालीन समयको जीवनशैलीको अंश हुन सके विश्व परिवेश वास्तवमा नै भिन्न हुने थियो।

मानविय सम्बन्ध र यौनिकताका विषयमा फरक फरक बुझाइ र अर्थ छन्। विवाह, एकल पति पत्नी विवाह व्यभिचार र धोकाधडी जस्ता उ विषयहरूका पक्कै पनि फरक अर्थ खोजिएला भविष्यमा। यी सबै कुरालाई सहजता पूर्वक बुझाउन दासले दार्शनिक प्राउस्टका उद्दरणहरू ठाउँ-ठाउँमा उल्लेख गरेका छन्। महाभारत र गीताका प्रसंगहरू जोडेका छन्।

किताबमा काम, चाहना रवासनाको सामान्य रूपरेखा छ। यसले पाठकलाई आफ्नो क्षमतालाई व्यक्तिगत आनन्द र सुखभोग पूर्णरूपमा गर्दै पूर्ण जीवन जिउन स्मरण गराउँछ। कामको इतिहास र यसका बहुल आयामलाइ इतिहास,संस्कृतिर दर्शन– पूर्वीय र पश्चिमी दुबैमा चित्रण गरि चाहना रवासनाको अलमललाई सम्बोधन गर्न सफल भएकोमा गुरचरण दासको यो कार्य प्रशंसनीनय छ।

पुस्तकको आवरण मा राखिएका पाँचवटा फरक-फरक रंग का फूलहरूले प्रेमका पाँच खण्ड बुझाउँछन्।

१) तलको सेतो फूल ले रिमको पहिलो चरण जनाउँछ। जहाँ दुई व्यक्ति एक अर्काको नजिक आउँछन् र प्रेममा पर्छन्। त्यसै बेला हो बासनाको जन्म हुने।

२) माथिको रातो फूलले प्रेमको दोस्रो चरण हो। यो चरणमा उनीहरू आफ्ना अभिलाषा मन भित्र सिमित राख्दैनन्। एक अर्कोसँग अभिव्यक्त गर्छन् र आफ्नो सम्बन्धलाई मुर्त रूप दिने विषयमा सोच्न थाल्दछन्।

३) सबैभन्दा माथिको सेतो फूलको झुप्पाले ति दुईको आत्मिय सम्बन्ध बुझाउँछ। यहि चरणमा अधिकांश प्रेमी विवाह बन्धनमा बाँधिन्छन्।

४) निलो फूलतिनीहरूको सम्बन्धको निर्णायक समयको प्रतिक हो। प्रेम सधैं एकनास रहँदैन। पश्चिमा मुलुकमा भए डार्लिनकोग हामी अब डिभोर्स गरौं भन्न सजिलो हुन्थ्यो। यहाँ अधिकांश अवस्थामा सन्तानको मोह र सामाजिक बन्धनले पनि मानिसलाई बाँधेर राख्छन्। त्यसैले नचाहँदा नचाहँदै पनि सम्बन्धको आयु बढाउनेबारे यताका मान्छे सोंच्दछन्।

५) पाँचौ चरणमा त्यो इच्छा पनि मारेर जान्छ।

पुरुष दृष्किोणबाट मात्र विचार राखिनु पुस्तकको सीमा भएको लेखक स्वयंले उल्लेख गरेका छन्।

» *बाँकी ३ पेजमा*

# गहुँ जोन सञ्चालन समन्वय समिति रूपन्देहीको पूनर्गठन




भैरहवा । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाइ, रूपन्देहीअन्तर्गत रूपन्देहीमा सञ्चालन भएको गहुँ जोनको सञ्चालन समन्वय समिति पूनर्गठन गरिएको छ । २०८१ मंसिर १४ गते भैरहवामा एक कार्यक्रमको आयोजना गरी समिति पूनर्गठन गरिएको हो ।

गठन कार्यक्रमका अध्यक्ष नारायण काफ्ले, वरिष्ठ कृषि अधिकृत , प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, रूपन्देही कार्यक्रममा प्रमुख अतिथि कृषि ज्ञान केन्द्र रूपन्दहीका वरिष्ठ कृषि प्रसार अधिकृत श्री अनिल कानु बानियाँ तथा विशेष अतिथिको रूपमा समरीमाई गाउँपालिका कृषि शाखा प्रमुख सुरज पाण्डे रहेका थिए ।

गहुँ जोन सञ्चालन समन्वय समिति पूनर्गठन कार्यक्रममा रुपन्देहीमा गहुँ जोन कार्यक्रम कार्यान्वयन भएका ३ वटा स्थानीय तह कोटहीमाइ, समरीमाइ र मर्चवारी गाउँपालिकाको विभिन्न वडाहरुमा रहेका कृषि सहकारी संस्था तथा कृषक समूहको तर्फबाट प्रतिनिधित्व हुने गरी हरेक स्थानीय तहबाट ३ जना प्रतिनिधि छनौट भई समिति पूनर्गठनको लागि आएका थिए । पूनर्गठन कार्यक्रमको सञ्चालन कृषि अधिकृत सौरज विश्वकर्मा गर्दै समिति गठनको उद्देश्य तथा भूमिकाको बारेमा प्रस्तुतिकरण गरेका थिए । पूनर्गठन कार्यक्रमबाट कोटहीमाई गा.पा-५ मा रहेको श्री नवदुर्गा बहुउद्देश्ययी स्वावलम्बन सहकारी संस्थाको अध्यक्ष दुर्गाप्रसाद कुर्मीको संयोजकत्वमा ३ महिला सदस्यसहित ९ सदस्य समिति चयन गरेको छ ।

कार्यक्रममा निवर्तमान समितिका सदस्यहरूले गहुँ जोन सञ्चालनमा पुऱ्याएको महत्वपूर्ण योगदानको कदर गर्दै प्रशंसा-पत्रसहित सम्मान गरिएको थियो । कार्यक्रममा बोल्दै पूनर्गठित गहुँ जोन सञ्चालन समन्वय समितको संयोजक रुपमा चयन भएका दुर्गाप्रसाद कुर्मीले गहुँ जोन कार्यक्रमलाई सफल बनाउन लागि सबै सरोकारवालासँग सहकार्य तथा समन्वय गरी समितिले कार्य गर्ने प्रतिबद्धता जनाए ।

प्रमुख अतिथि वरिष्ठ कृषि प्रसार अधिकृत अनिल कानु बानियाँले गहुँ जोन सञ्चालन समन्वय समितिले कार्यालयहरूसँग समन्वय गरी मर्चवार क्षेत्रमा उत्कृष्ट कार्य गरेकोले नयाँ समितिले पनि कृषकको हितको लागि अझैं राम्रो कार्य गर्नको शुभकामना व्यक्त गरे । विशेष अतिथि सुरज पाण्डेले गहुँ जोनले अघिल्लो समिति तथा स्थानीय तहसँग समेत समन्वय गरि गहुँको उत्पादकत्व वृद्धि तथा लागत न्यूनीकरणमा उल्लेखनीय कार्य गरकाले नयाँ समितिले पनि समन्वय तथा सहकार्य गरि उत्कृष्ट कार्य गर्नको लागि सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।

## गुरचरण...

उनको मत छ कि महिलाहरूका चाहना पुरुष दृष्टिकोणबाट प्रतिबिम्बित् हुनसक्दैन् । यस पुस्तकमा दासले सुखी र आनन्दी जीवन बिताउन कसरी हाम्रा आकांक्षार चाहना वा कामसँग हामी एकाकार हुन सक्छौ भन्ने बताएका छन् ।

परम्परागत सोचरब्यबहारबाट आधुनिकतातर्फ़ संक्रमण गर्दै गरेको भारतीय र नेपालि समाजमा चाहनारकामकोबारेमा अब खुल्ला बहसको विषय बन्नु पर्ने उनको जिकिर छ । जसरी हामी आर्थिक समृद्धि र प्रजातन्त्रको चर्चा गर्छौं । उनको मत अनुसार पुरुष सत्ताले निर्माण गरेको स्टेरियोटाइपले हाम्रा संवेदनाहरू दबिएका छन् । जुन समाजको लागि स्वस्थकर मान्न सकिदैन ।

दासले 'इन्डिया अनबाउण्ड', भौतिकवादी दर्शन (अर्थ) सम्बन्धि पुस्तक 'डिफीकल्टी अब बिइङ गुड' जस्ता दुई बेष्ट सेलर गैरआख्यान कृति लेखेका छन् । 'अ फाइन फेमिली' उनको उपन्यास हो । त्यस्तै थुप्रै एकांकी नाटक पनि उनले लेखेका छन् ।

यस लेखक गुरचरण दास प्रख्यात लेखक, टिप्पणीकार र सार्वजनिक विद्वान हुन ल हार्वर्ड विश्वविद्यालयबाट दर्शनशास्त्र अध्ययन गरेका उनी प्रोक्टर एण्ड गेम्बल, इन्डिया (बहुरास्ट्रिय कम्पनी)का प्रमुख कार्यकारी थिए । अहिले उनि पूर्णकालीन लेखक छन् । दासले टाइम्स अफ इन्डियालगायतका भारतका छवटा फरक-फरक पत्रिकामा नियमित स्तम्भ लेख्छन् ।

नोट्ससहित जम्मा ५४८ पेजको पुस्तकमा प्रसस्त सन्दर्भ प्रस्तुत गरिएको छ । त्यसैले पुस्तक खोजमुलक छ । हार्ड कभरमा उपलब्ध पुस्तक पेङ्गुइन प्रकाशन, इन्डियाले छापेको हो । मूल्य ७९९ भारु रहेको छ । अंग्रेजी भाषामा राम्रो दखल चाहिन्छ पुस्तक पढेर बुझ्न । अंग्रेजी साहित्य अध्ययन गर्ने विद्यार्थीको शोध कार्यको लागि उपयोगी हुन सक्दछ पुस्तक ।

## आजदेखि...

एनपिएलको विजेताले यो पटक प्राप्त गर्ने ट्रफीमा कालापत्थरको दुर्लभ ढुङ्गा ट्रफीको शिरमा राखिएको छ । प्रधानमन्त्री केपी शर्मा ओली र आठ फ्रेन्चाइज टिमका टिमका मार्की खेलाडीले संयुक्त रुपमा अनावरण गरेको ट्रफीमा पर्वतआरोही निमा शेर्षा र मिङ्मा शेर्पाले कालापत्थरबाट ल्याएको ढुङ्गालाई ट्रफीको सबैभन्दा माथिल्लो भागमा राखिएको हो ।

एनपिएल प्रतियोगिता शनिबार अर्थात् १५ मंसिरबाट सुरु भएर ६ पुस सम्म सञ्चालन हुनेछ । १५ गते विराटनगर र जनकपुर बोल्ट्सबीच उद्घाटन खेल हुँदैछ । १६ गते उपनिर्वाचन भएकाले कुनै पनि खेलको कार्यतालिका रहेको छैन ।

१७ गतेदेखि ३० गतेसम्म हरेक दिन दुई खेल हुनेछन् । समूह चरणको अन्तिम खेल १ पुसमा हुनेछ । त्यसपछि ३ पुसमा इलिमिनेटरको पहिलो खेल हुँदा सोही दिन दिउँसो पहिलो क्वालिफायरको खेल हुनेछ । दोस्रो क्वालिफायर ४ पुसमा हुँदा प्रतियोगिताको फाइनल ६ पुसमा हुनेछ ।

## रण....

पहिलो चरणमा संरचना सम्मको भवन आफ्नै आन्तरिक स्रोतबाट निर्माण गर्ने गरी मिति २०८० चैत्र १६ गते टेण्डर आव्हान गरि नव शिर्जनसिल कन्स्ट्रक्सन कम्पनी प्रा. ली. काठमाडौँसँग पहिलो चरणको कार्य २ वर्षमा निर्माण कार्य सम्पन्न गर्ने गरि २२ करोड २९ लाख १०हजार ९७ रुपैयाँमा सम्झौता भएको अस्पतालका सूचना अधिकारी प्रतिक पाण्डेले जानकारी दिए ।

नेपाल नेत्र ज्योति संघका केन्द्रीय अध्यक्ष प्रा. डा. चेतराज पन्तले लुम्बिनी प्रदेशमा देशकै सबैभन्दा बढी आखाँका बिरामी रहेकोले यसको उपचारार्थ ९ वटा अस्पतालले सेवा दिँदा पनि अपुग रहेको बताए । ३४ हजार जनाको अपरेशन गर्नुपर्ने, १७ हजार जना अन्धो रहेको यहाँ ४० लाख बढीलाई तत्काल चश्माको प्रयोगले आँखाको समस्या समाधान हुने हुँदा सरकारले चश्मा किन्न नसक्ने अवस्थामा रहेका नेपालीहरुको हितका लागि लगाउँदै आएको भ्याट छुट गर्नुपर्ने माग गरे । उनले अबको ५ वर्षमा नेपाललाई अन्धोमुक्त बनाउन समेत योजना रहेको बताए ।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेय, नेत्रज्योति सघं रुपन्देहीका अध्यक्ष कमलराज जोशी, रण अम्बिका आँखा अस्पतालका अध्यक्ष सागरप्रताप राणा, सचिव राजेन्द्र पन्थीलगायतले बोलेका थिए । अस्पतालले पदोन्नती भएका चिकित्सक, उत्कृष्ट कर्मचारी तथा विद्यार्थीहरुलाई सम्मान समेत गरेको थियो ।


## मोटरसाइकल हराएको सूचना

H.M.C. कम्पनी लि. को नाममा रहेको निम्न व्यहोरा भएको मोटरसाइकल यही मिति २०८१/०८/१३ गते राति करिब ३:३० बजेको समयमा बुटवल १२ जानकीनगर टोल, मथुरा पथ तामनगरमा पार्किङ्गमा रहेको अवस्थामा हराएको हुँदा भेटाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी अथवा निम्न ठेगानामा सम्पर्क गरी बुझाइदिनु होला ।

**नामः** कृष्णप्रसाद भुसाल
**ठेगानाः–** छत्रदेव गाउँपालिका वडा नं.–१, अर्घाखाँची
**मोटरसाइकल नं.:–** लु ८४ प ३८६२
**इन्जिन नं.:–** JAOSEGM9J01332
**च्यासिस नं.:–** MBLJAW098M9J1004
**मोडल :–** Super SPL
**मोबाइल नं.:–** ९८४७०४९८३५

## ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. को तपशिलका ऋणी सदस्यहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**( प्रकाशित मिति २०८१/०८/ १५ गतेको राष्ट्रिय दैनिक लुम्बिनी पत्रिका )**

तपशिलका ऋणी सदस्यहरुले यस सहकारी संस्था बाट लिनु भएको ऋण रकम यस सहकारी संस्थासंग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज भुक्तान नगरी, नबुझाई ऋण लिदा गरेको शर्त कबुलियत उल्लघंन गर्नु भएको र सहकारीबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नुपर्ने साँवा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस ) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । उल्लेखित मिति भित्रमा सहकारी संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तान नभएमा वा बुझाएको भए त्यसको प्रमाण पेश गर्न हुन अनुरोध गरिन्छ । यस सहकारी संस्थालाई कर्जा सुरक्षण बापत लेखिदिनुभएको तपशिल बमोजिमको चल/अचल सम्पती प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी सदस्य तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्री सम्पतीबाट वा अन्य प्रचलित कानुन बमोजिम कार्वाही गरी सहकारी संस्थाले आफ्नो लेना रकम असुल उपर गर्ने प्रकृया अगाडि बढाईने व्यहोरा यसै सूचनाबाट सुचित गरिन्छ ।

**तपशिल**

| क्र.सं. | ऋणीको विवरण | धनजमानी दिने व्यक्तीको विवरण | धितोको विवरण | ऋण रकम (रु.) |
|---|---|---|---|---|
| १ | नाम : सृष्टि गुरुङ<br>पतिको नाम : राज गुरुङ्ग<br>ससुराको नाम : गणेश बहादुर गुरुङ्ग<br>ठेगाना : बर्दघाट-१४, शुक्रवस्ती , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ६७३०२<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५९/१२/०२ | नाम : राज गुरुङ्ग<br>बाबुको नाम : गणेश बहादुर गुरुङ्ग<br>बाजेको नाम : टिका गुरुङ्ग<br>ठेगाना बर्दघाट-१४, शुक्रवस्ती , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ५३३२०<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५६/१२/२३ | सृष्टि गुरुङ्गको नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविक दाउन्नेदेवी वडा नं. ८ ख कित्ता नं. ३६४ को क्षेत्रफल ०-०-११-१ विघा को जग्गा , सो जग्गा मा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | साँवा : ६,७१,०३३/-<br>व्याज : २,२३,४९५/-<br>हर्जाना : ३७,२९२/-<br>कुल : ९,३१,८२०/- |
| २ | नाम : रेखा न्यौपाने<br>पतिको नाम : ददिराम न्यौपाने<br>ससुराको नाम : पुरुषोत्तम न्यौपाने<br>ठेगाना : बर्दघाट-७, जिमिरेभार , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ४७९६५<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५२/०८/१४ | नाम : ददिराम न्यौपाने<br>बाबुको नाम : पुरुषोत्तम न्यौपाने<br>बाजेको नाम : भविलाल न्यौपाने<br>ठेगाना : बर्दघाट-७, जिमिरेभार, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ४७५८०<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५५/०७/२९ | रेखा न्यौपानेको नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविक माकर वडा नं. ७ ङ कित्ता नं. ८३९ को क्षेत्रफल ०-०-१०-० विघा को जग्गा, सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | साँवा : रु.९,००,०००/-<br>व्याज : १,६७,९१५/-<br>हर्जाना : ३२,९८९/-<br>कुल : ११,००,९०४/- |
| ३ | नाम : श्री किसुन चौधरी<br>बाबुको नाम : रुप नारायण चौधरी<br>बाजेको नाम : दल सिङ्गार<br>ठेगाना : बर्दघाट-१, माकर , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ७७६९५<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६१/१२/१५ | नाम : माया चौधरी<br>पतिको नाम : श्री किसुन चौधरी<br>ससुराको नाम :रुप नारायण चौधरी<br>ठेगाना : बर्दघाट-१, माकर, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. :३७१००२/२६९०५<br>जि.प्र.का. :रुपन्देही<br>जारी मिति : २०६६/०८/२२ | श्री किसुन चौधरी को नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविक माकर वडा नं. ७ घ कित्ता नं. २८१ को क्षेत्रफल ०-०-७-० विघा को जग्गा र साविक जहदा वडा नं. ९ क कित्ता नं. ७४६ को क्षेत्रफल ०-०-१५-० विघा को जग्गा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | साँवा : १२,६८,९९९.५७/-<br>व्याज : २,३६,५९३/-<br>हर्जाना : ४४,३७७/-<br>कुल : १५४९,९६९.५७/- |
| ४ | नाम : विरेन्द्र कुमार थारु<br>बाबुको नाम : चतुरी थारु<br>बाजेको नाम : बालपुरी थारु<br>ठेगाना : बर्दघाट-१०, अमरदिप टोल , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. :११३६६<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०४९/०५/०३ | नाम : बनौती कुमारी महतो थारु<br>पतिको नाम : विरेन्द्र कुमार थारु<br>ससुराको नाम : चतुरी थारु<br>ठेगाना : बर्दघाट-१०, अमरदिप टोल, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. :१४९५<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति २०५५/०८/११ | चतुरी थारुको नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविक तिलकपुर वडा नं. ८ कित्ता नं. ५८५ र ५९१ को क्रमश क्षेत्रफल ०-२-४-० विघा र ०-०-१३-० विघा को जग्गा , सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | साँवा : १०,००,०००/-<br>व्याज : ३,२१,६२८/-<br>हर्जाना : ७७,९७९/-<br>कुल : १३,९९,६०७/- |
| ५ | नाम : दिप माया राना<br>पतिको नाम : लाल बहादुर राना<br>ससुराको नाम : दल बहादुर राना<br>ठेगाना : बर्दघाट-१०, ध्रुवटोल, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ३-१४८८/४९५<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०४६/०२/२२ | नाम :सुरज राना मगर<br>बाबुको नाम : लाल बहादुर राना<br>बाजेको नाम : दल बहादुर राना<br>ठेगाना : बर्दघाट-१०, ध्रुवटोल , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ८७९३६<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६३/०३/१३ | लाल बहादुर रानाको नाममा मालपोत कार्यालय नवलपरासी मा दर्ता रहेको साविक तिलकपुर वडा नं. ३ घ कित्ता नं. ३०२ को क्षेत्रफल ०-१-७-० विघा को जग्गा , सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | साँवा : २,४६,५८३/-<br>व्याज : ७६,९७२/-<br>हर्जाना : २२,१९७/-<br>कुल : ३,४५,७५२/- |

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि., लुम्बिनी प्रदेश कार्यालय भैरहवा, रुपन्देहीको २१ दिने सूचना

यस बैंकको शाखा कार्यालय धकधई, रुपन्देहीबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असूली कार्यबिधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्ति,फर्म कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सुचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

| क्र.स. | ग्राहक नं. | मि.नं. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजे/ससुराको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | २०८१ कार्तिक मसान्त सम्मको ब्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मंजुरीनामा दिने तथा जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १५४३५०७ | ४८६८ | सन्जय भैंसी फर्म (प्रो.दयाशंकर यादव) | रोहिणी गा.पा ६, विशुनपुरा रुपन्देही | नेपाल अहिर | राजमन अहिर | सरल कृषि कर्जा | १,३००,०००.०० | ६४,७८२.०० | १,३६४,७८२.०० | सन्जय कुमार यादव |
| २ | ९०४८३९ | ४६८२ | अमिना गल्ला भण्डार (प्रो. अक्तर गुजर) | रोहिणी गा.पा ५, इमिलिहवा रुपन्देही | बहादुर गुजर | सुभान गनि गुजर | ब्यापार कर्जा | १,५००,०००.०० | १८७,२००.०० | १,६८७,२००.०० | सुभान गनि गुजर |
| ३ | १८४०५६६ | ५००५ | जे.कृषि फर्म (भक्त बहादुर गाहा थापा) | देवदह-१२, प्रगतिनगर, रुपन्देही | लाल बहादुर मगर | बम बहादुर गाहा मगर | ब्यवसायिक कृषि कर्जा | २,०००,०००.०० | ४१९,५००.०० | २,४१९,५००.०० | वसन्ती गाहा मगर्नी |
| ४ | १३०३५६१ | ४७९६ | शंकर गाई भैसी तथा टर्की फर्म (प्रो.शंकर प्रसाद थारु) | ओमसतिया -६, बेलहीया, रुपन्देही | भरोसी | फत्ते थारु | पशुपालन | १,६००,०००.०० | २९६,०००.०० | १,८९६,०००.०० | चम्पा थरुनी |
| ५ | १३१३२९९ | ४८०८ | अनिस किराना पसल (प्रो. दुग्रेश यादव ) | रोहणी -२, लखनौटिया, रुपन्देही | सोमई यादव | अर्जुन यादव | ब्यापार कर्जा | १,०००,०००.०० | १०९,५००.०० | १,१०९,५००.०० | ईसरावती यादव, सुरेश यादव |
| ६ | १२८५९८० | ४७८४ | समशुलहक जोलहा | सिक्टहन-९, रेहेरा रुपन्देही | चिनक जोलहा | हाफी जुल्लाह जोलहा | सरल कृषि कर्जा | ६५०,०००.०० | ४३,०००.०० | ६९३,०००.०० | |
| ७ | १६८४६१७ | ४८९८ | शान्ती देवी किराना स्टोर्स (प्रो.शान्ती देबी कोहाईन) | ओमसतिया ६, बेलहीया, रुपन्देही | गोमती कोहार | राम नेवास कोहार | ब्यापार कर्जा | १,५००,०००.०० | २६९,०००.०० | १,७६९,०००.०० | |
| ८ | १७३०१५० | ४९२१ | सुग्रीम चाई | रोहिणी २ मैनिहवा | बदल | लुटावन चाई | सरल कृषि कर्जा | ५००,०००.०० | ३०,०००.०० | ५३०,०००.०० | मान्ती चाई |
| ९ | १७२३२४४ | ४९२३ | गया चमार | रोहिणी ६ पर्सा | भगई चमार | राम अवध चमार | सरल कृषि कर्जा | ५००,०००.०० | ३९,७००.०० | ५३९,७००.०० | |
| १० | ९०३६४९ | ३९७२ | बैतुल्लाह बन्जारा | बोदवार- ९, पकटीहवा | लौठु बन्जारा | झिन्काई बंजारा | सरल कृषि कर्जा | ५००,०००.०० | ६३,०००.०० | ५६३,०००.०० | |
| ११ | १५१४२३१ | ४८५८ | नरेन्द्र माछा हन्स फर्म (प्रो. नरेन्द्र चौधरी) | रोहिणी -५ | मंगरे थारु | दिर्गी नारायण थारु | माछापालन | १,२००,०००.०० | २९४,५००.०० | १,४९४,५००.०० | राधा देबी चौधरी |
| १२ | ९०४७०२ | ४५६७ | नेमा कुमारी यादव | पोखरभिण्डी-४, खोखरानी | शंकर यादव | राकेश कुमार यादव | सरल कृषि कर्जा | १००,०००.०० | १०,५००.०० | ११०,५००.०० | |
| १३ | १८०८४७८ | ४९६५ | अन्सु गाई भैंसीपालन फर्म (प्रो. प्रमिला कुमारी यादव) | ओमसतिया-५, पटखौली | राजेन्द्र यादव | जय किशोर यादव | पशुपालन | १,८००,०००.०० | २०९,०००.०० | २,००९,०००.०० | सन्दीप यादव |
| १४ | १३६९५९३ | ४५२४ | उषा किराना तथा गल्ला भण्डार (प्रो.अजित गुप्ता) | छोटकीरामनगर- २, नरयणपुर | उदित तेली | नरेश तेली | ब्यापार | २,०००,०००.०० | २५७,०००.०० | २,२५७,०००.०० | उषा देबी गुप्ता |
| १५ | ९०४५९१ | ४४९५ | शिवनाथ केवट | छोटकीरामनगर -१ | सेवक केवट | रुदल केवट | सरल कृषि कर्जा | १,०००,०००.०० | ७७,०००.०० | १,०७७,०००.०० | अमरावता केवट |
| १६ | १८१०४८९ | ४९६८ | बलीराम प्रसाद निषाद | ओमसतिया-५, गौरी | छोटकान चाई | हरि प्रसाद | सरल कृषि कर्जा | ९५०,०००.०० | १७६,०००.०० | १,१२६,०००.०० | सुनिता चाई |
| १७ | ९०३७०० | ४९१० | नुरजहान अलि | ओमसतिया -६ मझौली | ओली मोहम्मद | अलिराज मुसलमान | सरल कृषि कर्जा | ५००,०००.०० | ४५,०००.०० | ५४५,०००.०० | सजरुन निसा |
| १८ | १९७९७७७ | ५०६० | चौधरी माछा तथा कृषि फर्म (प्रो. राजेश कुमार चौधरी) | ओमसतिया -५, पटखौली | बैजनाथ चौधरी | श्याम प्रसाद चौधरी | माछापालन | २,०००,०००.०० | १२३,०००.०० | २,१२३,०००.०० | ईन्द्रावती देबी चौधरी |
| १९ | १३१७६७४ | ४८०९ | राधा कृष्ण डेरी (प्रो. छोटेलाल यादव) | रोहिणी-४,पकडीहवा | दुरबली अहिर | खेदु अहिर | उद्योग कर्जा | १,०००,०००.०० | ६२,०००.०० | १,०६२,०००.०० | खेदु अहिर |
| २० | ९०३००८ | ३९२१ | समिउल्लाह खान पठान | ओमसतिया -६, नरैनापुर | सरदार पडान | सोहावत पठान | ब्यापार | २,०५०,०००.०० | २७२,०००.०० | २,३२२,०००.०० | अजिमुल्लाह खान, नईमुल्लाह खान |
| २१ | ९०४७८४ | ६०१२ | सहाबुद्धिन नाउ | रोहिणी-६, पर्सा | अमानत | ओरी नाउ | सरल कृषि कर्जा | ५००,०००.०० | १३६,०००.०० | ६३६,०००.०० | कल्बुन निसा,अपसेर खान |
| २२ | १९६३०२५ | ५०४८ | सानिया किराना तथा तरकारी पसल (प्रो. समिरुन निसा) | ओमसतिया- ६, नरैनापुर | ईस्हाक अलि | अनिल अलि | ब्यापार | १,३००,०००.०० | १८८,०००.०० | १,४८८,०००.०० | अनिल अलि, ईस्हाक फकिर |

कृषि विकास बैंक लिमिटेड
Agricultural Development Bank Ltd.
नेपाल राष्ट्र बैंकबाट 'क' बर्गको इजाजतपत्र प्राप्त संस्था
लुम्बिनी प्रदेश कार्यालय भैरहवा, रुपन्देही

# न्यू होराइजन प्रदेशस्तरीय हाजिरीजवाफको फाइनलमा ६ विद्यालय



बुटवल। न्यू होराइजन मावि बुटवलको आयोजनामा ३१औं संस्करणको प्रदेशस्तरीय हाजिरीजवाफ प्रतियोगिता सुरु भएको छ।

बुटवल, दाङ र पाल्पामा पहिलो चरणको छनोट प्रतियोगिता सम्पन्न भएको हो । जसअनुसार बुटवल केन्द्रमा भएको प्रतियोगितामा एभरेष्ट बोर्डिङ स्कूल बुटवल प्रथम, अक्सफोर्ड बोर्डिङ बुटवल दोस्रो र बुद्धदीप बोर्डिङ स्कुल गरगरे कन्चन तेस्रो भएको प्रतियोगिता संयोजक मुक्ति पौडेलले जानकारी दिए । प्रतियोगितामा रुपन्देही, कपिलवस्तु र नवलपरासीका ७५ विद्यालयहरूको सहभागिता रहेको थियो । यस्तै पाल्पा केन्द्रमा भएको प्रतियोगितामा जनता मावि तानसेन पाल्पा प्रथम, तुल्सी मावि रामपुर पाल्पा दोस्रो र रेन्बो बोर्डिङ स्कुल बलेटक्सार गुल्मी तेस्रो भएको संयोजक प्रकाश पन्तले जानकारी दिए। यस्तै लमही केन्द्र दाङमा भएको प्रतियोगितामा माउण्ट भ्यू बोर्डिङ स्कूल घोराही प्रथम, अमर बोर्डिङ स्कुल तुल्सीपुर दोस्रो र गोरखा इन्टरनेशनल स्कूल घोराही तेस्रो भएको संयोजक मनोज सिलवालले जानकारी दिए । तीनवटै केन्द्रमा प्रथम र दोस्रो भएका दुई-दुई गरी ६ वटा विद्यालय फाइनलमा प्रवेश गरेका छन् । फाइनल प्रतिस्पर्धा हुने मिति पछि घोषणा गरिने विद्यालयल जनाएको छ।

बुटवल केन्द्रको प्रतियोगिताको शुक्रबार एक कार्यक्रमकाबिच बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले उद्घाटन गरेका हुन्।

कार्यक्रममा बोल्दै नगरप्रमुख खेलराज पाण्डेयले सीपसहितको नैतिक शिक्षा बुटवलको एजेन्डा भएको भन्दै सोहीअनुसार बुटवल उप-महानगरपालिकाले बजेट छुट्याएको बताए । शिक्षा र स्वास्थ्यको क्षेत्रमा भएको प्रगतिकै कारण बुटवलको छुट्टै पहिचान स्थापित भएको भन्दै उनले बुटवललाई शिक्षा र स्वास्थ्यको हबको रूपमा विकास गर्ने योजना रहेको बताए।

बुटवल कालिका क्याम्पसका क्याम्पस प्रमुख घनश्याम पाठकले सामूहिक प्रयासकै कारण बुटवलका सामुदायिक विद्यालयहरूले उत्कृष्ट नतिजा दिन सफल भएको भन्दै २१औं शताब्दीका शिक्षण संस्थाहरू समय र परिस्थिति अनुसार रूपान्तरण हुन जरुरी रहेको बताए।

विगतमा विद्यालय पढ्ने पढाउने थलोका रूपमा रहेको भन्दै उनले विद्यालयहरू पढ्ने पढाउने मात्रै नभएर अब सिक्ने र सिकाउने थलोको रूपमा रूपान्तरण हुनुपर्नेमा जोड दिए।

न्यू होराइजनका प्रिन्सिपल लोकनाथ उपाध्यायले मुलुकको शैक्षिक विकासमा निजी शिक्षण संस्थाहरूको महत्वपूर्ण योगदान रहे पनि राज्यले निजी शिक्षण संस्थालाई भेदभाव र सौतेलो व्यवहार गरेको गुनासो गरे । उनले न्यू होराइजनले शैक्षिक क्रियाकलापसँगै खेलकुद, संगीत, कला, साहित्य जस्ता विधामा पनि विद्यार्थीका प्रतिभा प्रष्फुटनका लागि पनि ठूलो लगानी गरिरहेको बताए । विद्यालय व्यवस्थापन समिति अध्यक्ष ज्ञानेन्द्र कसजुले आफूहरुले नाफा कमाउनका लागि शिक्षामा लगानी गरेको नभएर गुणस्तरीय शिक्षा अध्ययनका लागि यस क्षेत्रका विद्यार्थीहरू अन्यत्र जान नपरोस् भन्ने उद्देश्यले निजी शिक्षण संस्थामा लगानी गरेको बताए।

कार्यक्रममा अभिभावक संघ रूपन्देहीका अध्यक्ष लोकनाथ ज्ञवाली, उपप्राचार्य बालकृष्ण भण्डारी, बासुदेव अर्याल, कार्यक्रम संयोजक मुक्तिनाथ पौडेल, विद्यालयकी शिक्षिका कल्पना कुसुमलगायतले आ-आफ्नो भनाइ राखेका थिए ।प्रत्येक केन्द्रमा हिट राउण्डबाट ६ वटा विद्यालय सेमी फाइनलमा प्रवेश गरेका छन् । सेमी फाइनलमा प्रत्येक केन्द्रमा प्रथम पुरस्कार ९ हजार, द्वितीय पुरस्कार ६ हजार, तृतीय पुरस्कार ४ हजार पाँच सय र सिल्ड, ट्रफी र प्रमाण पत्र प्राप्त गरेका छन्।

फाइनलमा प्रथम हुने विद्यालयले प्रथम पुरस्कार ४० हजार, द्वितीय हुनेले २५ हजार र तृतीय हुनेले २० हजार नगद तथा सिल्ड, ट्रफी र प्रमाण पत्र पाउने विद्यालयका कार्यक्रम संयोजक मुक्ति पौडेलले जानकारी दिए।

# धान उत्पादन बढ्यो

**गौरीशंकर जयसवाल**
*परासी*



नवलपरासीमा जिल्लामा यस वर्ष धान उत्पादनमा वृद्धि भएको छ । सिँचाइ व्यवस्था, समयमै वर्षा र मलखाद्य उपलब्धताले गर्दा यस वर्ष जिल्लामा धान उत्पादनमा वृद्धि भएको हो । गत वर्ष ९१ हजार पाँच सय दुई मेट्रिक टन धान उत्पादन भएको कृषि ज्ञान केन्द्र परासीका कृषि अधिकृत नवराज घिमिरेले बताए। उनले जिल्लामा यस वर्ष ९५ हजार २७ मेट्रिक टन धान उत्पादन भएको जानकारी दिए। गत वर्षको तुलानमा यसवर्ष १ दशमलव ५३ प्रतिशतले जिल्लामा धान उत्पादनमा वृद्धि भएको कृषि ज्ञान केन्द्र परासीले जनाएको छ।

हाईब्रिट जात धान र सयममै मलखाद उपलब्धता तथा मौसमको अनुकुलता कारण धान उत्पादन वृद्धि भएको कृषि अधिकृत घिमिरेले बताए।

उनका अनुसार धानमा रोग र किरा नलागेको तथा वर्णन शंकर उन्नत जात बीउ प्रविधिक सहयोगले गर्दा यस वर्ष धान उत्पादनमा वृद्धि भएको हो। पछिल्लो समयमा सिँचाइ व्यवस्था नभएको ठाउँमा संघ र प्रदेश सरकार स्थानीय सरकारले सिँचाइ व्यवस्था कारणले जिल्लामा धान उत्पादनमा वृद्धि देखिएको कृषि ज्ञान केन्द्रले जनाएको छ।

हर्दिनाथ ६ साभा मन्सुली गोल्डेन, इन्डिया जात र हाईब्रिट जातका धानको बीउ किसानहरुले लगाएका थिए। जिल्लामा बर्खे र चैते धान किसानहरु लगाउने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ। जिल्लामा कुल क्षेत्रफल २० हजार ४ सय ८० हेक्टर धान खेती हुँदै आएको छ। रामग्राम नगरपालिका सरावल गाउँपालिका र पाल्हीनन्दन गाउँपालिका बढी मात्र धान खेती हुँदै आएको छ।

तेह्रौ एभरेष्ट अन्तरविद्यालय वादविवादः

# उपाधि कान्ति माविकी अदितीलाई



बुटवल । बुटवलमा भएको तेह्रौ एभरेष्ट अन्तरविद्यालय वादविवाद प्रतियोगिताको उपाधि कान्ति मावि बुटवलले जितेको छ । बुटवल सुख्खानगरमा रहेको एभरेष्ट इङ्लिस माध्यमिक विद्यालयको आयोजनामा भएको प्रतियोगितामा रुपन्देही जिल्लाभरीका ४६ विद्यालयलाई पछि पार्दै कान्ति माविकी विद्यार्थी अदिती पन्तले उपाधि हात पारेकी हुन्। उनले नगद २० हजार रुपैयाँ पुरस्कार, शिल्ड तथा प्रमाणपत्र प्राप्त गरिन्।

'बौद्धिक पलायनमा वृद्धि : अवसरको कमी वा महत्वाकांक्षा प्रवृति' भन्ने शीर्षकमा भएको वादविवाद प्रतियोगितामा न्यू स्ट्याण्डर स्कुलकी विद्यार्थी विनिशा पौडेल द्वितीय भइन् । उनले नगद १५ हजार, शिल्ड तथा प्रमाणपत्र प्राप्त गरिन्।

यस्तै मणिमुकुन्द माविकी एन्जल बेल्वासे तृतीय भइन् भने देवदह बुद्ध पब्लिक स्कुलकी विद्यार्थी अनुस्का भण्डारीले सान्त्वना स्थान हासिल गरिन्। उनीहरुले क्रमशः १० हजार, ५ हजार नगद, शिल्ड तथा प्रमाणपत्र प्राप्त गरेको विद्यालयका सह-प्राचार्य तथा कार्यक्रम संयोजक भिमसेन गौतमले जानकारी दिए।

विद्यालय सञ्चालक समितिका अध्यक्ष गमप्रसाद रेश्मीको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय परीक्षा बोर्ड लुम्बिनी प्रदेश कार्यालयका प्रमुख रमाकान्त तिवारीले मुलुकमा रोजगारीको राम्रो अवसर नहुँदा ठूलो बौद्धिक जमात विदेश पलायन भएको स्मरण गर्दै मुलुकमै टिकाइ राख्ने वातावरण बन्न आवश्यक रहेको बताए। शैक्षिक गुणस्तरवृद्धिका लागि निजी विद्यालयले पुऱ्याएको योगदान ठूलो रहेको स्मरण गर्दै उनले बौद्धिक पलायनलाई रोक्ने भूमिकाहरुको खोजी गर्न पनि निजी शैक्षिक संस्थाहरुलाई सुझाव दिए। उनले पाठ्यक्रममा आधारित शिक्षासँगै अतिरिक्त ज्ञानको पनि आवश्यक पर्ने भएकाले यस्ता प्रतियोगिताले त्यो अवसर जुराई दिने विचार राखेका थिए।

कार्यक्रममा बुटवल उपमहानगरपालिका वडानम्बर ८ का वडाध्यक्ष यज्ञप्रसाद पंगेनी, नेशनल प्याब्सनका केन्द्रीय सचिव कृष्णप्रसाद पौडेल, प्याब्सनका केन्द्रीय सदस्य टिकाराम न्यौपाने, नेपाल अभिभावक महासंघका केन्द्रीय सदस्य लोकनाथ ज्ञवालीलगायतले विद्यार्थीहरुमा शैक्षिक विकासकालागि सबैखाले ज्ञानको आवश्यक पर्ने बताउँदै बौद्धिक पलायन मुलुकको ठूलो समस्याका रुपमा रहेकाले यसलाई राज्यले सम्बोधन गर्नु पर्ने विचार राखेका थिए।

कार्यक्रममा वरिष्ठ साहित्यकार ऋषिराम भुसाल, शंकरप्रसाद गैरे, र राजेन्द्रप्रसाद आचार्यले निर्णायकको भूमिका निभाएका थिए। शिक्षक माधव पौडेलको सञ्चालनमा भएको कार्यक्रममा काभा १९ वर्ष मुनिको भलिबल प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका एभेरष्टका खेलाडी विद्यार्थीहरु तथा भलिबल प्रशिक्षक अर्जुन घिमिरेलाई प्रमाणपत्र तथा दोसल्लाले सम्मान गरिएको थियो।

# नयाँ प्रविधिको बारेमा अटोमेकानिक्स तालिम



बुटवल। बुटवल अटो इञ्जिनियरिङ एशोसिएशनका रुपन्देही लुम्बिनीका अध्यक्ष प्रेम गौचनले एसोसिएसनले कामदारको क्षमता तथा दक्षता वृद्धि हुने अपेक्षासहित तालिम आयोजना गरिएको बताए।

रुपन्देही उद्योग संघका द्वितीय उपाध्यक्ष हरिबहादुर खरेलले परियोजना र इन्स्योर परियोजना मिलेर यस्तो किसिमको तालिम सञ्चालन गरेको बताए। उनले यस्ता तालिमहरु सञ्चालन नभए यही सीप सिक्न टाढा जानुपर्ने र खर्च हुने भएकोले तालिम निःशुल्क व्यवस्थापन गरिएको बताए।

कार्यक्रममा इन्स्योर परियोजना नेपालका लुम्बिनी प्रदेश सम्योजक राजकुमार सेती मगरले जुन कामको लागि बाहिरबाट जनशक्ति ल्याएर काम गर्नु परेको अवस्थामा यो तालिम सुरु गरेको बताए।

तालिम अवधिभरमा ३६% सैद्धान्तिक र ६०% प्रयोगात्मक ज्ञान हुनेगरी तालिम प्रदान गरिने प्रमुख प्रशिक्षक चिन्तामणी खनालले जनाए।

कार्यक्रममा सस्थापक अध्यक्ष खड्कबहादुर गौतम, निवर्तमान अध्यक्ष तुल्सिराम न्यौपाने, कार्यक्रम संयोजक ध्रुब राज भुसाल, महासचिव पुनित पोखरेललगायतले सिकेको सीपलाई राम्रोसँग उपयोग गर्दै मैनाबगरकै शिर उचो हुनेगरी काम गर्नुपर्ने बताए।

तालिममा प्रशिक्षक चिन्तामणी खनाल तथा प्रशिक्षकहरु सिबि थापा, अर्जुन भण्डारी, मिलन न्यौपानेलगायतले प्रशिक्षण दिनेछन्। २० जना सहभागी रहेको तालिम पुस ५ गतेसम्म सञ्चालन हुनेछ।

साइबर आक्रमणबाट आफूलाई बचाउनुहोस।
01. मजबुत पासवर्ड प्रयोग गर्नुहोस।
02. दुई चरण प्रमाणीकरण (2FA) को प्रयोग गर्नुहोस।
03. सफ्टवेयर अपडेट राख्नुहोस।
04. सुरक्षित नेटवर्कको प्रयोग गर्नुहोस।
05 संकास्पद देखिनेअज्ञात स्रोतहरूका लिङ्कहरूमा क्लिक नगर्नुहोस।
06 डेटा ब्याकअप गर्नुहोस।
07 विश्वास गर्ने व्यक्तिहरूसँग पनि व्यक्तिगत विवरणहरू वा पासवर्डहरू अनलाइन साझेदारी नगर्नुहोस।
08 कामसँग सम्बन्धित देखिए पनि अपरिचित व्यक्तिहरुबाट अनुरोधहरू स्वीकार गर्दा सावधान रहनुहोस।
अनुरोधक
सूचना तथा संचार प्रविधि प्रतिष्ठान
लुम्बिनी प्रदेश, बुटवल

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com